**नेपाल राष्ट्र बैंक**
**मुद्रा व्यवस्थापन विभाग**
**बालुवाटार, काठमाडौं**

# नयाँ तथा सुकिलो नोट सटही सम्बन्धी सूचना

बडा दशैं पर्वमा खासगरी साना दरका नयाँ तथा सुकिलो नोटको माग उच्च हुने विगतको अनुभवलाई ध्यानमा राखी आगामी बडा दशैं, २०७६ को अवसरमा यस बैंकको मुद्रा व्यवस्थापन विभाग, बालुवाटार र विराटनगर, जनकपुर, बीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी कार्यालय तथा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडका उपत्यकास्थित देहायका शाखा कार्यालयहरुबाट २०७६ असोज १० गतेदेखि १७ गतेसम्म रु.५, रु.१०, रु.२०, रु.५० र रु.१०० दरका एक/एक पाकेट गरी प्रति व्यक्ति अधिकतम रु.१८,५००।- का दरले नयाँ नोट सटही सुविधा उपलब्ध गराइने व्यहोरा जानकारी गराईएको छ । सो रकम भन्दा बढी सटही सुविधा आवश्यक हुने व्यक्तिलाई सुकिलो नोट उपलब्ध गराईने छ । साथै, यस बैंकको नोटकोष रहेका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका सबै शाखा कार्यालयहरुबाट समेत सुकिलो तथा सिमित मात्रामा नयाँ नोटहरु सटही गर्न सकिने गरी व्यवस्था मिलाईएको व्यहोरा समेत सूचित गरिएको छ ।

**काठमाण्डौं उपत्यकाको हकमा नयाँ नोट साट्न नेपाल राष्ट्र बैंक आउनु नपर्ने गरी व्यवस्था मिलाइएका स्थानहरु :**

**(क) नेपाल बैंक लिमिटेड, शाखा कार्यालयहरु:**

न्यूरोड, कीर्तिपुर, महाराजगंज, जोरपाटी, पाटन औद्योगिक क्षेत्र, लाजिम्पाट र भक्तपुर शाखा ।

**(ख) राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालयहरु:**

सिंहदरबारप्लाजा (केन्द्रीय कार्यालय), सिंहदरबार परिसर, टेकु, नयाँबानेश्वर, सानो थिमी, विशालबजार, नक्साल, बालाजु, लुभु र टोखा शाखा ।

**(ग) कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालयहरु:**

गौशाला, गड्डाघर, रामशाहपथ, रत्नपार्क, थानकोट र पुल्चोक शाखा ।

यसका अतिरिक्त अन्य वाणिज्य बैंक, विकास बैंक तथा वित्तीय संस्थाहरुबाट आफ्ना ग्राहक महानुभावहरुलाई सुकिलो तथा सिमित मात्रामा नयाँ नोट सटहीका लागि उपलव्ध हुने भएकाले आफ्नो खाता भएको बैंक तथा वित्तीय संस्थाबाट सुकिलो नोट सटही गर्न सकिनेछ ।

**टिका लगाई दक्षिणा दिंदा, पूजा आजा गर्दा वा अन्य कुनै धार्मिक वा सांस्कृतिक कार्य गर्दा रंग लागेका वा मैलिएका हातहरुले नोटहरु छुंदा त्यस्ता नोट चलनचल्तीमा आउन नसक्ने भएको हुदाँ त्यस्तो कार्य नगरौं/नगराऔं । आफूलाई आवश्यक भन्दा बढी रकम बैंकमा जम्मा गर्ने बानी बसालौं । नोट राष्ट्रको सम्पत्ति हो, यसको हिफाजत गरौं ।**

**साथै, नेपाली नोटमा कुनै पनि बहानामा रंग लगाउने, लेख्ने, केरमेट गर्ने, नोटको आकार बिगार्ने जस्ता कार्य गरी नेपाली नोटको दुरुपयोग गर्ने/गराउने उपर प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा सर्वसाधारणमा सूचित गरिएको छ ।**

२०७६।०६।०२